दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ७२ | बुटवल | २०८१ फागुन २३, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Mar. 07, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



बुद्ध जन्मस्थल लुम्बिनीमा चौथो अन्तर्राष्ट्रिय त्रिपिटक वाचन सुरु भएको छ । यही फागुन २१ गते सुरु भएको त्रिपिटक वाचन २५ गते सम्पन्न हुनेछ । गौतमबुद्धले ४५ वर्षसम्म निरन्तर प्रदान गरेको ज्ञान एवं धर्म देशनाको संग्रहित ग्रन्थका रुपमा त्रिपिटकलाई लिइन्छ । तस्विर : विनोद परियार ।

**माओवादी केन्द्र बुटवलमा चुनाव :**

## केन्द्रीय नेताको दबाब कार्यकर्ताबाट अस्वीकृत



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र बुटवल उप-महानगर कमिटीको तेस्रो अधिवेशनले चुनावी प्रकृयाबाट नयाँ नेतृत्व चयन गरेको छ । बुटवलमा रहेका पार्टीको केही केन्द्रीय नेताहरु र अधिवेशनको अध्यक्ष मण्डलका अध्यक्ष आफू अनुकूलका व्यक्तिलाई नेतृत्वमा ल्याउन चुनावी प्रकृयालाई विना कारण एक हप्तासम्म लम्ब्याएका थिए । तर पार्टीका प्रदेश अध्यक्ष सुदर्शन बरालले तत्काल चुनावी प्रकृया थाल्न निर्देशन दिएपछि चुनावबाट नेतृत्व चयन भएको हो ।

मतदानबाट महेन्द्र भुसाल अध्यक्षमा निर्वाचित भए । भुसालसँग नगर कमिटीका सचिव सागर न्यौपाने र निजामति कर्मचारी कृष्ण बन्जाडेले अध्यक्ष पदमा प्रतिस्पर्धा गरेका थिए ।

मतदानमा भुसालले २५ मत पाएर निर्वाचित हुँदा बन्जाडेले २१ र न्यौपानेले १२ मत पाएका थिए ।

उपाध्यक्षमा योगेन्द्र गौतम र लालबहादुर थापा निर्वाचनबाट निर्वाचित भए भने महिला उपााध्यक्षमा बसन्ता खनाल निर्विरोध निर्वाचित भएकी छन् । सचिवमा तुल्सीराम न्यौपाने, सहसचिवमा रचना श्रेष्ठ र कोषाध्यक्षमा पूर्णबहादुर परियार निर्वाचित भए ।

६ जना पदाधिकारीमा दुई प्यानल भएर निर्वाचन भएको थियो । अध्यक्षमा विजयी भुसालको प्यानललाई नेताहरु बलदेव खनाल, प्रदेश अध्यक्ष सुदर्शन बराललगायतको आन्तरिक समर्थन थियो भने पराजित प्यानललाई बामदेव क्षेत्री, गोविन्द केसी, विनोद पहाडीलगायतको साथ रहेको माओवादी स्रोतले जानकारी दिएको छ ।

निर्वाचनमा विजयी भुसाल जनयुद्धमा आफन्त गुमाएका शहीद परिवारका हुन् । उनी युवा र व्यवसायी समेत हुन् ।

माओवादी केन्द्र बुटवलका एक सिनियर नेताले निजामति कर्मचारीको भूमिकामा रहेका व्यक्ति सोझै पार्टीको उप-महानगर कमिटीको नेतृत्वमा आउन खोज्नुलाई कार्यकर्ताले अलि हतार र न्यायोचित नभएको मूल्यांकन गरी पार्टीमा निरन्तर क्रियाशील, उद्यम व्यवसायमा पनि आबद्ध र युवा व्यक्तित्वलाई नेतृत्वमा चयन गरेको टिप्पणी गरे ।

» बाँकी ३ पेजमा

## आठ हजार बढी सहकारी पीडितको पौने दुई अर्ब रकम फिर्ता



बुटवल । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ विज्ञ र आन्दोलकारीहरुसँग छलफल गरेर ल्याइएको बताएका छन् ।

बिहीबारको राष्ट्रियसभा बैठकमा सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ माथि सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै उनले यस्तो बताएका हुन् ।

उनले विगतमा सहकारी क्षेत्रमा अनियमितता भएको र अबबाट त्यस्तो हुन नदिन अध्यादेश ल्याएको बताए । सबै सहकारी गलत छैनन् भन्नेकुरा बुझ्न जरुरी रहेको बताए । २०२५ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाउने निर्णय भएअनुसार सरकारले चैत्र २० गते सहकारी स्थापना दिवसलाई पारेर देशव्यापी रुपमा मनाउने योजना बनाएको पनि मन्त्री अधिकारीले जानकारी दिए । उनले भने-'विगतमा सहकारी क्षेत्रमा अनियमितता भयो । सहकारी सबै गलत छन् भन्ने छैन । सहकारी भनेका सबै खत्तम हुन् भनेर प्रचार गरेको पनि पायौँ । हामी अर्थतन्त्रका तीन खम्बामध्ये एउटा सहकारी हो भनेका छौँ । दुई, चार सयले गलत गरे तिनले गलत गरेका हुन् भनेर अरु सही छन् भनेर अभियान चलाउन त पर्छ होला नि । हो त्यही हिसाबले हामीले काम गरिरहेका छौँ । २०२५ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाउने निर्णय भएको छ । हामीले त्यसलाई नै सन्दर्भ जोडेर यही चैत्र २० गते सहकारी स्थापना दिवसलाई पारेर त्यो देशव्यापी रुपमा मनाउने योजना गरेका छौँ ।'

मन्त्री अधिकारीले अहिले काम नै गरेन भन्ने गरेको प्रति आपत्ति जनाए । फागुन २० सम्म माग दाबी गरेका ८ हजार १५५ जना सहकारी पीडितको १ अर्ब ६७ करोड ६७लाख २० हजार ५८ रुपैयाँ बचत रकम फिर्ता गरिसकेको दाबी गरे ।

पछिल्लो ४ महिनाको बिचमा ८ सय ऋणी सदस्य र बचतकर्ता सदस्यको बिचमा १ अर्ब १० करोड बराबरको हिसाब मिलान गरिएको बताए । १ हजार ऋणी सदस्यबाट ऋण असुल गरिसकेको र ३१ करोड वचत भइसकेको जनाए । साथै ७ हजार ऋणी सदस्यहरुको बैंक खाता तथा अचल सम्पती रोक्का गरिएको उनले जानकारी दिए ।

## बालीघरेबाट व्यवसायमा फर्केपछि फेरियो जीवनशैली



**राधिका भुसाल**
*प्यूठान*

अझैं पनि कतिपय समुदायले परम्परागत रुपमा चलि आएको सिलाइ र आरन काम बालीघरे रुपमा गर्दै आएका छन् । वर्षभरी काम गरिदिएबापत खाद्यन्न पाउने हिसाबमा उनीहरुले काम गर्ने प्रचलन थियो ।

करिब १५ वर्षसम्म बालीघरे दमाइको रुपमा काम गरेका प्यूठान नगरपालिका ८ मानगाउँका शोभबहादुर परियारले आफ्नै सीपलाई व्यवसायिक बनाएपछि अहिले जीवनशैली नै फेरिएको छ । पहिले मानगाउँमा बालीघरे सिलाई गर्दा खानलाउन धौ-धौ पुग्ने गरेको उनले बताए ।

'२०६२ सालमा प्यूठान नगरपालिका ८ खप्रेङखोला आएर घरभाडा तिरेर सिलाइ व्यवसाय सुरु गरेको थिए,' शोभबहादुरले भने-'करिब १९ वर्षको समयमा घडेरी किनेर दुई तले घर बनाइ अहिले घरमै व्यवसाय सञ्चालन गरेको छु ।' सिजनको सयममा मासिक ८०-९० हजारसम्म कमाइ हुने गरेको उनले बताए ।

श्रीमती चञ्चला परियार र छोरीहरुको राम्रै सहयोगले गर्दा व्यवसायलाई विस्तार गर्न सफल भएको उनको भनाइ छ । ५ जनाहरुको पढाइलेखाइ, घरखर्च, औषधिमुलो सबै सिलाइबाट आएको रकमले धान्ने गरेको बताउँदै २ जना छोरीको विवाह समेत गरिदिएको उनले बताए ।

सिलाइ व्यवसायमा अहिलेसम्म २ लाख लगानी गरेको उनले जनाए । अब थप सीप र मेसिनरी सामान मर्मतको लागि तालिमहरु आवश्यक भएको भन्दै उनले स्थानीय सरकारलाई तालिमको व्यवस्था गरिदिन आग्रह समेत गरेका छन् । अहिले ३ जना छोरी र श्रीमतीले व्यवसायमा सहयोग गर्दै आएको उनको भनाइ छ ।




## राष्ट्रियसभाबाट पाँच अध्यादेश स्वीकृत

बुटवल । राष्ट्रियसभाको बिहीबारको बैठकले पाँचवटा अध्यादेश स्वीकृत गरेको छ ।

प्रतिनिधिसभाबाट बुधबार पारित भएका सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ तथा सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई राष्ट्रियसभाले बहुमतबाट स्वीकृत गरेको हो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ माथि सांसदहरु डा.वेदुराम भुषाल, मायाप्रसाद शर्मा, नरबहादुर विष्ट र सुरेशकुमार आले मगरले अध्यादेश अस्वीकार गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए । उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको छ ।

यस्तै सांसदहरु मदनकुमारी शाह 'गरिमा' र झक्कुप्रसाद सुवेदीले निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ अस्वीकार गरियोस् भन्ने प्रस्ताव आजको बैठकमा पेश गरेका थिए ।

उक्त प्रस्ताव पनि बहुमतले अस्वीकृत भएको छ ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ माथि गङ्गाकुमारी बेलवासे, विष्णुबहादुर विश्वकर्मा, मनरुपा शर्मा र घनश्याम रिजालले अस्वीकार गरियोस् भन्ने प्रस्ताव राखेका थिए । उक्त प्रस्ताव पनि अस्वीकृत भएको छ ।

त्यसैगरी सांसदद्वय जगप्रसाद शर्मा र राजेन्द्रलक्ष्मी गैरेले सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस् भनी प्रस्ताव राखेका थिए । उक्त प्रस्ताव पनि बहुमतले अस्वीकृत भएको छ ।

# सम्पादकीय

## सहमतिको पहलकदमी लेऊ

बुटवलका व्यवसायिक संस्थाले पसल र उद्योग वा व्यवसाय चिनाउन साइनबोर्ड राखेबापत बुटवल उप-महानगरपालिकाले लिँदै आएको कर नतिर्ने घोषणा गर्दै खारेज गर्न माग गरेका छन्।

बुटवल उप-महानगरपालिकाले साइनबोर्ड कर उठाउन ठेक्का दिएको कम्पनीले जबर्जस्ती असुलीको प्रयास गरेपछि अहिले उप-महानगरपालिका र व्यवसायिक संघसंस्था आमनेसामने भएका छन्।

अहिले उप-महानगरपालिकाले ३० स्क्वायर फिटको कर लिन्छ। व्यवसायिक संघसंस्थाले ६० स्क्वायर फुटसम्मको साइनबोर्ड कर नतिर्न व्यवसायीहरुलाई अपील गरेर उप-महानगरपालिका र व्यवसायिक संघसंस्थाबिचको दुरी बढेको छ। यहाँका व्यवसायिक संघसंस्थाले दश महिना पहिले नै साइनबोर्ड करमा असहमति राख्दै आएका छन्। सरकार सञ्चालनका लागि कर आवश्यक हुन्छ। सरकारले नागरिकको अपेक्षा पूरा गर्न आवश्यक स्रोत व्यवस्थापनका लागि पनि कर नभई हुँदैन। तर करदाताको स्वीकृति वा अपनत्व विना कर उठाउन संभव छैन। करदाता कर तिर्न इच्छुक हुनुपर्छ। त्यसो भयो भने सरकार र करदाताबिच द्वन्द्व श्रृजना हुँदैन्। करदाताले चर्को विरोध गर्दागर्दै कर असुलीका लागि उप-महानगरपालिकाले चालेको कदममा कमजोरी थियो। अझ स्थानीय तह नागरिकको घरदैलोको सरकार हो। नागरिकसँग अधिकतम सहकार्य र समन्वय गर्न सक्दा मात्रै स्थानीय सरकार गतिशिल बन्न सघाउ पुग्ने हो। स्थानीय सरकारले अघि सारेका योजना र कार्यक्रमलाई सफल पार्न अनिवार्य समन्वय र सहकार्य आवश्यक छ।

कोभिड महामारीले सुस्त भएको अर्थतन्त्र लयमा आएको छैन। व्यवसायीहरु व्यवसायिक वातावरण नबनेको भन्दै निराश छन्। उनीहरु आम्दानी नबढ्दा राज्यलाई तिर्नुपर्ने करलाई बोझका रुपमा बुझ्न थालेका छन्। हुन पनि आम्दानी नहुने, तर तहगत सरकारलाई तिर्नुपर्ने करको चाङले नागरिकमा आक्रोश चुलिनु स्वाभाविक पनि हो। यो बेला सरकार नागरिकको सारथी बन्नुपर्छ। सकेसम्म तहगत सरकारले सहमतिमा कर असुलीको प्रयास गर्नु उत्तम हुन्छ।

उप-महानगरपालिकाले ठेक्का लागिसकेको विषय पुनर्विचार हुँदैन भनेर अघि बढ्ने र व्यवसायिक संस्थाहरुले थालेको अवज्ञा आन्दोलनको टकरावले अन्ततः सकारात्मक नतिजा निकाल्दैन। कर अवज्ञा आन्दोलनलाई सहमतिमा ल्याएर कर तिर्ने वातावरण बनाउने काम उप-महानगरपालिका नेतृत्वको हो।

# व्यक्ति केन्द्रित राजनीति



बिन बहादुर कुँवर

त्यही अनुरुप पार्टी संगठनात्मक स्वरुप पनि बदलिन थालिएको छ। एमालेले पार्टी पदाधिकारीको संख्या खाली केवल नौ मा मात्र राख्न थालेको छ। यो सबै एक व्यक्ति अर्थात् ओली केन्द्रित अवधारणा हो। कांग्रेसमा देउवा, एमालेमा ओली र माओवादीमा प्रचण्ड केन्द्रित अवधारणा नै निरंकुशतन्त्रको उपज हो।

कागले आफ्नो नाम आफैँ भने जस्तै यो वर्तमान सामन्ती दलाल र नोकरशाही बुर्जुवा संसदको बारेमा यसैका सभासदहरुले नै यसको वास्तविक चरित्र बताइरहेका छन्। केही दिन पहिले राप्रपाका सांसद ज्ञानेन्द्र शाहीले राष्ट्रियसभालाई वृद्धाश्रम अर्थात् पार्टीका बुढाखाडाहरुको आश्रम गृह भनी चित्रण गरे। त्यस्तै रासपा नेपालका नेता उपेन्द्र यादवले संसदीय सदन र यसका सभासदहरु वस्तुभाउ बढाबढ किन बेचको थलो अर्थात् सरकारले सभासदहरुलाई करोडौ करोड रुपैयाँमा खरिद बिक्री गर्ने बताए। प्रसंग सरकारद्वारा प्रस्तुत अध्यादेश सदनबाट पारित गराउने क्रममा थियो। त्यस्तै कांग्रेस-एमाले र माओवादीका नेता-सभासद सबैले एकले अर्कालाई अनेक थरी आरोप-प्रत्यारोप गर्दै आइरहेका छन्। प्रचण्ड ओलीको त दैनिकी नै एकले अर्कालाई नङ्गाउने र खुइलाइन मै छ। ठीक यी संसदीय दल नेता अनि सभासदहरुको यी भनाइ र गराइले वास्तवमा यो संसद र संसदीय व्यवस्था भनेको के हो ? छर्लङ्ग पारेको छ। जुन कुरा आजभन्दा १०० वर्ष पहिले नै कमरेड लेनिनले रुसमा भनेका थिए- बाहिर खसीको टाउको देखाएर भित्र कुकुरको मासु बेच्ने अखडा। तर अहिले यहाँ त भित्र लुकाएर मात्रै होइन बाहिरै खुलेआम यो व्यवस्था र यसको सदनहरुबाट यस्ता गतिविधि भइरहेका छन्।

सांसद ज्ञानेन्द्र शाहीले योभन्दा यसको केहीले तारिफ गरे भने केहीले विरोध। राष्ट्रियसभामा त यसको विरोधमा खेद प्रस्ताव नै पारित भयो। यो संसदीय व्यवस्थाको मान्यता बमोजिम राष्ट्रिय सभा अर्थात् उपल्लो सदन ख्याति प्राप्त पाका र ज्ञानी विद्वान सभासद चुनिने ठाउँ हो। प्रतिनिधिसभाद्वारा पारित प्रस्ताव र विधेयकमा समेत भएका गल्ती कमजोरीहरुलाई केलाएर सदनबाट पारित गराउने जस्तो महत्वपूर्ण जिम्मेवारी त्यसका सभासदहरुको हुने गर्दछ। तर यहाँ माथि ज्ञानेन्द्र शाहीले भने जस्तै वृद्धाश्रम अर्थात् ६०-७० काटेका बुढापाकाहरुको सभा जस्तै भएको छ। त्यो सदनको बनावट गराई र भनाइ सबै त्यस्तै छ। त्यहाँ धेरै अनपढहरुको जमात छ। प्रतिनिधिसभाको निर्वाचनबाट हारेका हरुवाहरुको जमघट छ। नेताका आआफ्ना नाता पाता टिपि राखिएका छन्। तैपनि केही लाज पचाउन त्यसको विरोधमा तत्काल उक्त सदनबाट नै खेद प्रस्ताव पारित गरिएको छ। बाहिरबाट हामीले त्यो भनिरहँदा कसैले पनि त्यसको मतलब नै गरेनन्। तर त्यही कुरा एउटा सभासद त्यो पनि पूर्व पञ्चे-मण्डले र राजावादी पार्टीका नेताले भन्दा बल्ल कांग्रेस-एमाले-माओवादी र एस समाजवादीका सभासदहरुको ठाउँको नै दुख्यो अनि मात्र त्यसको खण्डन र खेद प्रस्ताव पारित गरियो।

एउटा भनाइ छ अरु कसैलाई चोर औलो ठडाउँदा अरु चार औला स्वयं आफूतिर तेस्रिएका हुन्छन्। ठीक यही कुरा फेरि माननीय ज्ञानेन्द्र शाहीप्रति पनि तेस्रिएको छ। स्वयं ज्ञानेन्द्र शाहीको पार्टीका त्यस्तै वृद्ध र रोगी सभासदहरु राष्ट्रियसभामा मात्रै होइन प्रतिनिधिसभामा नै छन्। पशुपति समशेर ८० काटेका वृद्ध पुराना पञ्चे र राजावादी अनि त्यस्तै रोगी वृद्ध पूर्व पञ्चे र मण्डले दीपक बोहराको अवस्था र हालत के छ ? सबैलाई थाहा नै छ। रुपन्देही क्षेत्र नं. ३ का सभासद दीपक बोहराको अनुहार जिल्ला नगर, गाउँ टोल आदिमा त देख्ने कुरै भएन स्वयं प्रतिनिधिसभा पनि कहिले काही अक्कल झुक्कल अनुहार त देखिन्छ तर आवाज त्यहाँ कहिले पनि सुनिएको छैन। खाली तलब, भत्ता पचाउने मात्र काम भएको छ। उनीबाट यहाँका जनतालाई ठूलो धोका भएको छ। जात फाल्नु गहतको झोलमा भने जस्तै एक त पुराना पञ्चे-मण्डले दरबारिया त्यसमा पनि वृद्ध रोगी काम नै छैन। त्यसमा राप्रपाको मात्रै होइन, उनलाई मत हाल्न लगाउने कांग्रेस-माओवादीहरु पनि बढी दोषी छन्। यो संसदीय निर्वाचनको नाङ्गो नाच यहाँ यसरी प्रदर्शन भएको छ।

यसरी राष्ट्रियसभा मात्रै होइन स्वयं प्रतिनिधि सभा पनि त्यस्तै वृद्धाश्रम जस्तै भएको छ। त्यस्तै अवस्था फेरि समानुपातिक सभासदहरुको पनि छ। प्रायः सबै त्यस्ता सांसदहरु पार्टी नेताका आसेपासे, नातापाता भनसुन आदिबाट भएका छन्। यो व्यवस्थाअन्तर्गतको समानुपातिक दलीय नेताहरुको पकेट र दुहुनु गाई जस्तै भएको छ। प्रायः सबै समानुपातिक सभासदहरु कि त नेताका नातापाता र दलाल छन् भने कि त धनमा किनिएका छन्। करोडौं रुपैयाँमा किनिएका त्यस्ता सांसदहरुबाट देश र जनताले के पाउने ? भनिन्छ धन र बुद्धि दुई विपरीत कुराहरु हुन्। धन हुनेको बुद्धि हुन्न र बुद्धि हुनेको धन हुन्न बुद्धि-विचार नभएका द्रव्य पिचास बस्ने थलो पनि यही संसदीय सभाहरु नै भएका छन्। त्यसैले बेला मौकामा यो समानुपातिक पनि हटाउनु पर्ने माग पनि भइरहेको छ। हुन त यो राजनीतिक व्यवस्था नै यस्तै हो। तल्लो सदन उपल्लो सदन, समानुपातिक संघीयता आदि सबै यस्तै भर्ती केन्द्र नै हुन्।

बहुदलीय र लोकतन्त्र जे भनिए पनि यहाँ व्यक्ति केन्द्रित शासन सत्ता नै चलेको हुन्छ। नेपालको सन्दर्भमा भन्दा अहिले मुलुक केवल तिन व्यक्ति केन्द्रित अर्थात देउवा-ओली र प्रचण्ड केन्द्रित शासन सत्ता छ। सदन-सरकार सबै यिनीहरुमा नै केन्द्रित छ। सदन केवल हुन्छ र हुन्नमा मात्र सीमित छ। हाल संसदीय सदन चालु छ तर सरकारले अध्यादेश मार्फत नीति-नियम बनाई सत्ता सञ्चालन गर्दैछ। यो लोकतन्त्र र सदन सबैको उपहास हो। सदनका सभासद सबै देखावटी मात्र पार्टीका मूल नेताले जे भन्छन् त्यही मान्नै पर्ने हुन्छ भने हुन्छ र हुन्न भने हुन्न भन्ने मात्रका सभासद। बाहिर बाहिर जे भने पनि सदनबाट विधेयक पारित गराउँदा नेताकै ह्वीप मान्नै पर्ने बाध्यता छ। आज कांग्रेस-एमालेले बहुदलीय भने पनि खाली दुई दलीय मात्रको कसरत अर्थात् भन्दा वामपन्थी र लोकतन्त्रवादी भने पनि खासमा कांग्रेस र एमाले मात्रको कसरत भइरहेको छ। त्यही अनुरुप पार्टी संगठनात्मक स्वरुप पनि बदलिन थालिएको छ। एमालेले पार्टी पदाधिकारीको संख्या खाली केवल नौ मा मात्र राख्न थालेको छ। यो सबै एक व्यक्ति अर्थात् ओली केन्द्रित अवधारणा हो। कांग्रेसमा देउवा, एमालेमा ओली र माओवादीमा प्रचण्ड केन्द्रित अवधारणा नै निरंकुशतन्त्रको उपज हो।

# बालबालिकामा ज्वरो आउँदा हुने मिर्गी

डा. दिपक मोक्तान



६ महिनादेखि ५ वर्षसम्मका उमेर समूहका बालबालिकामा कुनै पनि कारणले १००.४ डिग्री भन्दा माथि ज्वरो बढ्दा हुने मिर्गी वा मूर्च्छालाई अंग्रेजीमा फेब्राइल सिजर भानिन्छ। यस उमेर समूहककक बालबालिकामा यो समस्या करिब ३ देखि ५ प्रतिशतसम्म देखिएको छ अर्थात् हरेक १०० जनामध्ये ३ देखि ५ जनामा पाइन्छ।

यो समस्यामा बच्चा बेहोश हुने, हातखुट्टा र जिउ कडा हुने वा काम्ने, आँखा पल्टाउने, मुखमा फिँज आउने, सास लिन गाह्रो हुने र ककठ नीलो हुने, जीब्रो टोक्ने, दाँत किट्ने आदि लक्षणहरु देखिन्छ। कतिपय बच्चाले दिशापिसाब पनि गर्ने हुन्छ। यो प्रायः एकपटक ज्वरो आउँदा एकपटक आउँछ, ५ मिनेटभन्दा कम हुन्छ र आफैं रोकिन्छ। तर, कुनै-कुनै बच्चामा भने यो २४ घण्टाभित्र एकपटक भन्दा बढी हुने, लामो अवधिसम्म हुने (१५ मिनेट भन्दा बढी ) र शरीरको कुनै एक भाग मात्रै काम्ने वा कडा हुने गर्दछ। जसलाई अँग्रेजीमा कम्प्लेक्स फेब्राइल सिजर भनिन्छ। बच्चा काम्न वा कडा हुन रोकिएपछि केही समय सुस्त हुने, निदाउने वा निदाउला जस्तो हुन्छ।

केही समयभित्रै बच्चा सामान्य अवस्थामा फर्किन्छ। यदि बच्चा काम्न छोडेको लामो समयसम्म पनि सामान्य अवस्थामा आएन भने अरु गम्भीर समस्या जस्तै दिमागको संक्रमण वा अरु रोगको लक्षण हुनसक्छ। यस्तो अवस्थामा तुरुन्त अस्पताल लगेर चिकित्सकको सल्लाह अनुसार उपचार गर्नुपर्छ।

यो रोगमा लक्षण छारे रोगमा जस्तै काम्ने, बेहोस हुने, आँखा पल्टाउने आदि भएता पनि यो छारेरोग हैन र छारे रोगमा जस्तो औषधि खानु पर्दैन। यसले बच्चाको शारिरीक, मानसिक तथा दिमागको बिकासमा असर गर्दैन। यो समस्या यदि आफ्नो नजिकको परिवारको सदस्यमा छ भने बच्चामा हुन सक्ने जोखिम बढी हुन्छ।

यो रोग ज्वरो बढेपछि हुने हो। यस समस्यामा ज्वरोको कारण जे पनि हुनसक्छ। ज्वरोको प्रमुख कारणहरूमा भाइरल ज्वरो, रुघाखोकी ज्वरो, कान तथा घाँटीको संक्रमण, निमोनिया, पिसाबको संक्रमण, झाडापखाला आदि हुन्। यदि मूर्च्छा ज्वरो बिना नै आएको छ भने वा कहिले ज्वरोसँग आउने अनि कहिले ज्वरो बिना नै आउने भयो भने र लामो समयसम्म आयो भने यो अरु रोगको कारण हुनसक्छ र यसको पहिचानको लागि बेलैमा चिकित्सकको सल्लाह लिनुपर्ने हुन्छ।

सामान्यतया यो रोगको निदानको लागि परीक्षणहरू जस्तै दिमागको एमआरआई/ईईजी वा दिमागको पानीको जाँचको आवश्यक पर्दैन। तर ज्वरोको कारण पत्ता लगाउन भने रगत, पिसाब आदिको जाँच आवश्यक हुनसक्छ। यसको उपचार भनेको ज्वरोको कारणको उपचार हो। ज्वरो जुन समस्याले भएको हो, त्यो समस्याको उपचार हो।

बच्चालाई अरु रोगको ज्वरोमा जस्तै प्रशस्त झोल खाने कुरा दिने, सिटामोल दिने तथा चिकित्सकको सल्लाह अनुसार उपचार गर्ने हो। सिटामोलले ज्वरो घटाएर बच्चालाई आराम बनाउँछ, तर यसले बच्चालाई मूर्च्छा पर्नबाट बचाउँदैन। त्यसैले सिटामोलको सही प्रयोग गर्नुपर्छ।

मूर्च्छा परेको समयमा भने तल उल्लेखित सावधानीहरू अपनाउनुपर्दछ।

- आफू नआत्तिकन सुरु भएको समय हेर्नुहोस्।

-बच्चालाई पानी, आगो वा धारिलो बस्तुबाट टाढा सुरक्षित स्थानमा कोल्टे पारेर भुइँमा सुताउनुहोस्।

-लुगा कस्सिएको छ भने खोल्नुहोस्। विशेषगरी घाँटी वा छातीको लुगालाई ध्यान दिनुहोस् किनकि यसले सास फेर्न असजिलो बनाउँछ।

-बच्चाको मुखमा औंला वा अरु केही बस्तु नहाल्नुहोस्। यस्तो अवस्थामा बच्चालाई मुखबाट केही पनि (औषधि समेत) खुवाउन मिल्दैन। यसले सर्किन सक्छ र फोक्सोमा क्षती पुग्छ।

-काम्न कम गर्न भनेर बच्चाको हातखुट्टा समाउने नगर्नुहोस्। सम्भव छ भने मोबाइलबाट भिडियो बनाउनुहोस्। यो भिडियो हेरेर चिकित्सकलाई निदान गर्न सजिलो हुन्छ।

- ५ मिनेटसम्म पनि बच्चा कामिरहेमा, काम्न छोडेको लामो समयसम्म पनि सामान्य अवस्थामा नफर्केमा तथा कुनै हातखुट्टा चलाउन नसकेमा वा लुलो भएमा अस्पताल लग्नुपर्दछ। तर बच्चामा पहिलोपटक मूर्च्छा समस्या आएको हो भने तुरुन्त अस्पताल लग्नुपर्दछ।

माथि भनेझैं यौ समस्या छारे रोग हैन। तर निम्न अवस्थामा भने भबिश्यमा छारेरोग हुन सक्ने जोखिम बढाउँछ।

-यदि नजिकको परिवारको अरु सदस्यमा छारे रोग छ भने,

-बच्चाको मानसिक र शारीरिक विकासमा समस्या छ भने,

-यदि मूर्च्छा पर्दा बच्चा १५ मिनेटभन्दा बढी अवधि हुने र एकपटकको ज्वरोमा १ पटक भन्दा बढी मूर्च्छा भएमा।

यो समस्या करिब ३ जनामध्यकक १ जना बच्चालाई एकपटक भएपछि ५ वर्षको उमेरसम्म ज्वरो आउदा दोहोरिन सक्छ। पहिलोपटक यो समस्या हुँदा बच्चा १८ महिनाभन्दा कम उमेरको छ भने, एकपटक ज्वरो आउँदा एक पटकभन्दा बढी मूर्च्छा परेको छ भने र परिवारको अरु सदस्यमा पनि येस्तै समस्या छ भने ५ वर्षसम्म दोहोरिने खतरा बढ्छ। यस जोखिमलाई कम गर्ने औषधि हुँदैन र कुनै औषधि खुवाउनु पर्दैन। ज्वरोको औषधि र ज्वरोको कारणको उपचारको लागि भने चिकित्सकको सल्लाहमा उपचार गर्नुपर्छ।

स्वास्थ्य खबरबाट

# नेप्सेमा झिनो अंकको गिरावट,



काठमाडौँ। सेयर बजार परिसूचक (नेप्से) बिहीबार झिनो अंकले घटेको छ। सोमबारदेखि घट्न थालेको नेप्से साताको अन्तिम दिन बिहीबार २.७० अंकले घटेको हो। योसँगै बजार परिसूचक २८१८.४३ विन्दुमा ओर्लिएको छ। बजारमा १० अर्ब १० करोड रुपैयाँ बराबरको कारोबार भयो।

बजारमा ९९ कम्पनीको मूल्य बढेको छ। १३२ कम्पनीको मूल्य घटेको छ भने बाँकी १२ कम्पनीको मूल्य स्थिर रहेको छ। बजारमा भुगोल इनर्जी र गार्डियन लाइफ इन्स्योरेन्सको शेयरमा सकारात्मक सर्किट ब्रेकर लागेको छ। नबिल बैंक डिबेञ्चरमा मूल्य सबैभन्दा धेरैले घटेको छ।

बजारमा डेभलपमेन्ट बैंकसहित चार समूहको सूचक बढेको छ। बाँकी ९ समूहको सूचक घटेका छन्। कारोबार रकमका आधारमा पनि हिमालयन रि-इन्स्योरेन्स र नेपाल पुनर्बिमा कम्पनी अगाडि छन्। आज पनि दुवै कम्पनीको कारोबार रकम १ अर्बभन्दा माथि रहेको छ। कारोबार संख्याका आधारमा भने आज गार्डियन लाइफ इन्स्योरेन्स अगाडि रह्यो।



**मौरीको रेखदेख गर्दै प्राविधिकः**
पाल्पाको बगनासकाली गाउँपालिका-१ स्थित चिर्तुङधारा वडा कार्यालय परिसरमा रहेको मौरीको घारको रेखदेख गर्दै कृषि प्राविधिक । वडा कार्यालयमा आउने सेवाग्राहीलाई मौरीपालन व्यवसायका सन्दर्भमा जानकारी गराउन वडाले मौरीपालन व्यवसाय थालनी गरेको हो । दस वटा आधुनिक घारबाट कार्यालयमा मौरीपालन सुरु गरिएको छ । तस्विरः सुशीला रेग्मी/रासस

# स्वर्गद्वारी गुठी पीडित किसानको माग सम्बोधन गर्नुपर्नेमा जोड



काठमाडौँ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले स्वर्गद्वारी गुठी पीडित किसानको माग सम्बोधन गर्नुपर्नेमा जोड दिएका छन् ।

बैठकको विशेष समयमा सांसद मेटमणि चौधरीले स्वर्गद्वारी गुठी पीडित किसानको माग सम्बोधन गर्ने सम्बन्धमा सरकारले कुनै पहल नगरेको भन्दै यथाशीघ्र समस्या समाधान गर्नुपर्नेमा जोड दिए । स्वर्गद्वारी गुठीको समस्या समाधान गर्न सदनको पनि ध्यानाकर्षण गराउँदै यससम्बन्धी तत्काल कानुन ल्याउनु जरुरी रहेकामा जोड दिँदै उनले कानुन अनुसार कदम चाल्न सरकारको पनि ध्यानाकर्षण गराए ।

सांसद रञ्जुकुमारी झाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा नियमअनुसार महिलाले सचिव हुने अवसर आएको बेला त्यसो हुन नसकेकामा गुनासो गरिन । उनले कुनै पनि अर्थमा महिलालाई अवसरबाट वञ्चित गराउने काम नगर्न/नगराउन सम्बन्धि सबैलाई आग्रह गरिन ।

सांसद अब्दुल खानले नक्कली नोट छाप्ने र ठगी गर्ने गिरोहका नाइकेलाई सप्तरीको स्थानीय प्रशासनले चासो देखाउन नसकेको भन्दै आपत्ति प्रकट गरे । उनले बर्दियाका नागरिकले स्वास्थ्य सुविधा पाउन नसकेका गुनासो आइरहेका भन्दै तत्काल समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद रेखा यादवले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा नियमअनुसार डा. सङ्गीता मिश्रलाई सचिवमा बढुवा नगरिएकामा आपत्ति प्रकट जनाइन् । उनले डा. मिश्रको नाम पहिलो नम्बरमा सिफारिस हुँदासमेत सचिव नबनाएर समावेशिताको सिद्धान्त पालना नभएको आरोप लगाइन् ।

सांसद रामप्रकाश चौधरीले केही दिन पहिले जङ्गली हात्तीको समूहले लालबन्दीमा किसानको खेतीबाली नष्ट पारेकाले क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग गरे । उनले स्थानीय किसानद्वारा उत्पादित तरकारीको प्रशोधन गर्ने उद्योग र चिस्यान केन्द्र (कोल्डस्टोर)को प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद प्रेम सुवालले आफूहरू सत्तापक्ष र प्रतिपक्षको खबरदारी गर्दै सच्चा रूपमा प्रतिपक्षीको भूमिका निर्वाह गरेको उल्लेख गर्दै सहिदको वास्तविक सम्मान हुने वातावरण बनाउनुपर्ने बताए । मानवअधिकारको गम्भीर उल्लङ्घन गर्नेलाई सरकारले कानुनी दायरामा ल्याएर कारबाही गर्नुपर्नेमा उनले जोड दिए । सांसद चित्रबहादुर केसीले नेपाल प्राकृतिक दृष्टिले सम्पन्न मुलुक हो भन्दै प्राकृतिक स्रोत तथा साधन उपयोग गर्नुपर्ने, ठूलो मात्रामा रहेको यूरोनियमको भण्डारलाई सदुपयोग गर्नुपर्ने बताए ।

सांसद सिताकुमारी रानाले देशभरका सुकुम्बासीलाई व्यवस्थापन गर्ने, व्यवस्थित बसोबासको प्रबन्ध गर्नुपर्ने माग गरिन । सुकुम्बासी समाधान आयोगलाई पूर्णता दिन र तत्काल भूमिहिनलाई भूमि उपलब्ध गराउन उनले आग्रह गरिन । सांसद महेश बस्नेत, सीता मिजार, मैना कार्कीले विशेष समयमा राष्ट्रिय तथा स्थानीय समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराएका थिए ।

**केन्द्रीय...**

माओवादी केन्द्र बुटवलको तेस्रो अधिवेशनले केन्द्रका नेताले आफू अनुकूलको व्यक्ति र निर्णय लाद्न खोज्दैमा कार्यकर्ताले स्वीकार नगरी कार्यकर्ता र आम जनताको मन जित्ने र भावना बुझ्ने व्यक्ति रुचाउँछन् भन्ने पुष्टी गरेको माओवादी नेताहरु बताउँछन् ।

नवर्निाचित पदाधिकारीसहित ६१ सदस्यीय नगर कमिटीको बिहीबार पदस्थापन भएको छ ।

पदाधिकारीलाई पदस्थापन गराउँदै माओवादी केन्द्र लुम्बिनी प्रदेश अध्यक्ष सुदर्शन बरालले अब पार्टीमा स्वच्छ प्रतिस्पर्धाबाट नेतृत्व चयनको लोकतान्त्रिक पद्दति स्थापित भएको बताए । बुटवलको अधिवेशनले केन्द्रका पदाधिकारी र नेताहरुलाई गतिलो पाठ सिकाएको अध्यक्ष बरालले टिप्पणी गरे ।

अध्यक्ष बरालले बुटवलको अधिवेशनमा अध्यक्ष मण्डलबाट निर्वाचन प्रकृया एक हप्तासम्म लम्ब्याउनु गलत भएको औंल्याउँदै स्वच्छ प्रतिस्पर्धाले जित्ने र हार्ने दुबै पक्षलाई कार्यकर्तामाझ आफ्नो स्थान कहाँ रहेछ भन्ने थाहा दिएको र चुनावपछि एकताबद्ध भएर अघि बढ्न सहयोग हुने बताए ।

नव निर्वाचित अध्यक्ष महेन्द्र भुसालले निर्वाचनको परिणामलाई बिर्सेर सबैलाई समेटेर पार्टीलाई बुटवलमा अन्य प्रतिस्पर्धी पार्टी सरहको हैसियतमा पुऱ्याउन दिनरात नभनी खटिने बताए । उनले पार्टीले अघि सारेको भ्रष्टाचार विरोधी र सुशासनको पक्षमा चलेको अभियानलाई नगरका १९ वटै वडाका टोलसम्म पुऱ्याउने जनाए ।

उनले नेताको घर धाएर होइन, कार्यकर्ताको घर आँगनमा पुगेर नेतृत्वमा स्थापित हुन सकिने बताउँदै नेता कार्यकर्ताहरु अधिवेशनका बेलामा जस्तै बाह्रै महिना पार्टी निर्माणमा खटिनुपर्ने जनाए । पदस्थापन समारोहमा पार्टीका प्रदेश मुख्य सचिव यज्ञ पोखरेल, बुटवल नगर इञ्चार्ज पुष्पराज ढकाल, नेतृ रिज्जु श्रेष्ठ, डम्बरदेव अर्यालगायतले बोल्दै पार्टीको पक्षमा पछिल्लो समय जनलहर र आकर्षण बढेको बताए ।

## साधारण सभा सम्बन्धी सूचना

यस कोषमा आबद्ध भई कोषको नियम अनुसार सेवा सुविधा लिने र दिने मजदूर तथा व्यवसायीहरुमा यो सूचित गरिन्छ कि कोषको मिति २०८१/११/०६ गते बसेको कार्यसमितिको बैठक नं. २५को निर्णय अनुसार यस कोषको ४७ औं वार्षिक साधारण सभा तथा ८७ दिने विशेष अभियानको समापन तपसिलमा उल्लेखित मिति, समय र स्थानमा सम्पन्न गर्ने निर्णय भएको हंदा उक्त साधारण सभामा भाग लिनका लागि मिति २०८१ चैत्र १ गतेदेखि २०८१ चैत्र १० गतेसम्म नयाँ सदस्यता प्राप्त गर्न मापदण्ड पुगेका मजदूर तथा व्यवसायीहरुले कार्यालय समयभित्र उपस्थित भई नयाँ सदस्यता प्राप्त गर्नुहुन र पुराना सदस्यहरुले आफ्नो सदस्यता नविकरण गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**कार्यक्रम**
मितिः २०८२/०१/०३
बिहान ८ः०० बजे (रक्तदान कार्यक्रम)
मितिः २०८२/०१/०३
बिहानः ११ः०० बजे साधारण सभा मूल समारोह

**दिनेश फुल्लेल (अध्यक्ष)**
**तथा**
**यातायात मजदूर तथा व्यवसायी भलाई कोष**
प्रधान कार्यालय, बुटवल

## एप्पल कंक्रिटो प्रा.लि. आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना

प्रकाशित मिति २०८१।११।२३

लुम्बिनी प्रदेश ,जिल्ला नवलपरासी (ब.सु.प ) रामग्राम नगरपालिकामा एप्पल कंक्रिटो प्रा.लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एप्पल कंक्रिटो प्रा.लि. रामग्राम नगरपालिका वडा नं-१५ नवलपरासी (ब.सु.प ) नेपाल, ईमेल appleconcreto2080@outlook.com फोन ९८५११०१४४३ |
| प्रस्तावको व्यहोरा | यस उद्योगले बिभिन्न प्रकारका कंक्रिट ब्रिक्स (Hollow Blocks, paver curve stone) उत्पादन गर्ने रहेको छ । |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा. /गा.पा. | जिल्ला नवलपरासी (ब.सु.प ) रामग्राम नगरपालिका वडा नं, १५ |
| कित्ता नं . | ७४५, ७९१, १३५६, १४७७, १४७८, ७१०, १६५७, १४७५, ११७४, ११७५, ११७६ ,११७७ |

माथि उल्लेखित प्रस्तावको प्रारिम्भक वातारणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौगोलिक प्रणाली ,जैबिक सामाजिक साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा तथा त्यस क्षेत्रका बिद्यालय ,अस्पताल,स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्रचार गर्ने ठेगाना**

| | |
|---|---|
| रामग्राम नगरपालिका वडा नं -१५को कार्यालय | |
| प्रविधि तथा वातारण शाखा ,उद्योग विभाग ,त्रिपुरेश्वर काठमाडौं | |
| प्रस्तावको नाम र ठेगाना | एप्पल कंक्रिटो प्रा.लि. रामग्राम नगरपालिका वडानं -१५ नवलपरासी(ब.सु.प ) नेपाल ईमेलः appleconcreto2080@outlook.com फोनः ९८५११०१४४३ |
| परामर्श दाताको नाम र ठेगाना | इलिसियन कन्सल्टिंङ सर्भिसेस प्रा.लि मैत्रिनगर ,किर्तिपुर-२ काठमाडौं नेपाल फोन ०१-५१५४०१२ |

## Devdaha Municipality
## Office of the Municipal Executive
**Devdaha -4, Kerwani, Rupandehi**
**Lumbini Province, Nepal**

# Invitation for Electronic Bids

Second Date of Publication:7thMarch2025 (2081/11/23)

1. Devdaha Municipality Office, Kerwani Rupandehi invites only electronic bids from eligible bidders for the Procurement of contract mentioned in table below.

| Contract Identification No. | Work sites and Works Description | Estimated Amount without VAT and Contingency (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period |
|---|---|---|---|---|---|
| DM/BLD/NCB-28/081/82 | Construction of Boundary Wall in Municipality Devdaha Municipality | 33,63,635.45 | 3,000.00 | 95,000.00 Validity Period:120 days issued by "A" Class Bank only | 90 days |

2. Date of Purchasing, Submission and Opening of Bids:

| Last Dateof Purchase and Submission of Bids | Date of Pre-Bid Meeting | Dateof Opening of Bids | Employer's Bank Account for the Purchasing of Bid Documents | Employer's Bank Account to Deposit Bid Security |
|---|---|---|---|---|
| 6thApril2025 (2081-12-24) Time: 12:00 Noon Devdaha Municipality | NA | 6thApril 2025 (2081-12-24) Time: 13:00 Devdaha Municipality | NIC ASIA Bank, Khaireni Branch, Rupandehi. 0152050029572002 Aantarik Rajaswo Khata | NIC ASIA Bank, Khaireni Branch, Rupandehi. 15CA051276652401 Dharauti Khata |

3. Eligible Bidders may obtain further information at Devdaha Municipality office(DMO), Rupandehi. Phone No: 071-577303, +977 9857011365 and email address:info@devdhamun.gov.np,infra@devdahamun.gov.np OR may visit PPMO's web site http://www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

सुमेधा सप्लायर्सले चीनबाट पैठारी गरेको निम्नवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

**तपसिल**

| सि.न | माल वस्तुको विवरण | आकार/प्रकार | ब्रान्ड | मोडल | क्षमता | उत्पतिको मुलुक | इकाई | प्रतिइकाई मुल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air-Conditioner | Domestic | Audee | 12K Indoor 800+Outdoor 718 9 (TSA–SS–NHA) | 12000 BTU | China | Pcs | 47,834.00 | 50,000.00 | |
| 2. | Air-Conditioner | Domestic | Audee | 12K Indoor 800+ Outdoor 660(FAC-SS-AAD) | 12000 BTU | China | Pcs | 38,984.00 | 40,000.00 | |
| 3. | Air-Conditioner | Domestic | Audee | 18K Indoor 900+ Outdoor 818(FAC-SS-BAD) | 18000 BTU | China | Pcs | 44,385.00 | 46,000.00 | |
| 4. | Air-Conditioner | Domestic | ALASKA | SFHA-60N1HA-T-Bo | 6000 BTU | China | Pcs | 96943.00 | 1,00,000.00 | |

**बिक्रेता नामः सुमेधा सप्लायर्स**
**ठेगानाः काठमाडौं– 32**
**एक्जीम कोड नंः 6040976800113**
**फोन नंः 01-5455853**

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# शहीदको सपना साकार पार्न कांग्रेस गम्भीर हुनुपर्ने सुझाव



बुटवल । यो हो शहीद यादवनाथ आलोक र रामप्रसाद चौधरीलाई ४१ वर्षअघि हत्या गरिएको स्थलको घर । २०३६ सालको जनमत संग्रहमा बहुदलले हारेपछि पार्टी सिथिल भएको भन्दै पार्टीलाई पुनर्ताजगी गराई प्रजातन्त्र प्राप्तीको आन्दोलनलाई बल पुऱ्याउन आयोजित कार्यक्रममा बहुदलविरुद्धको समूहले २०४० साल फागुन २० गते आक्रमण गरेको थियो ।

उक्त कार्यक्रममा नेपाली कांग्रेसका तत्कालिन महामन्त्री गिरिजाप्रसाद कोइरालासहित नेताहरु शेरबहादुर देउवा, रामचन्द्र पौडेल, सैलजा आचार्यलगायतको देश दौडाहामा निस्किएको टोली थियो ।

देश दौडाहामा रहेको टोलीलाई नेपाली कांग्रेस रुपन्देहीले तत्कालिन रुपन्देहीका सभापति पुष्पानन्द गिरीको घर देवदह नगरपालिका वडा नं. ३ सुरजपुरामा कार्यक्रम गरिएको थियो । घाइते आलोक र चौधरीले फागुन २२ गते ज्यान गुमाउनु भएको थियो भने शेरबहादुर देउवाको ओठ काटीएको थियो । उक्त घटनामा देउवा सहित २७२ जना घाइते भएका थिए । बहुदलविरुद्धको समुहले गरेको सांघातिक आक्रमणबाट घाइते भएका आलोक र चौधरीको उपचारको क्रममा हालको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको थियो । बिहीबार नेपाली कांग्रेस रुपन्देहीले आयोजना गरेको ४१औं स्मृतिसभामा बोल्ने वक्ताहरुले शहीदको सपना साकार पार्न अझैं कांग्रेस गम्भीर हुन जरुरी रहेको बताएका थिए । नेपाली कांग्रेस रुपन्देहीका पूर्व सभापति रामचन्द्र ढकालले कांग्रेसलाई सिध्याउने मण्डलेहरुको अभियानका क्रममा ४० सालको सुरजपुरा घटना घटाइएको बताए । शहीद आलोककी छोरी बीना न्यौपानेले बुवाको सपना नेपाली कांग्रेसले साकार पार्दै गएको बताइन् ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका केन्द्रीय सदस्य अब्दुल रज्जाकले सुरजपुरा घटना नेपाली कांग्रेसका लागि मात्रै नभएर लोकतान्त्रिक शासन व्यवस्था स्थापित गर्ने आन्दोलनका हिसाबले ऐतिहासिक भएको बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्व मन्त्री भरतकुमार शाहले शहीदको योगदानले नै देशमा प्रजातन्त्र प्राप्ती भएको धारणा राखे । उनले देशमा हरेक क्षेत्रमा उपलब्धि र अवसर रहेको बताउँदै त्यो नै शहीदको सपना भएको जिकिर गरे ।

नेपाली कांग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाँणले शहीद यादवनाथ आलोक र रामप्रसाद चौधरीको योगदानको चर्चा गर्दै अगामी वर्षदेखि वडातहबाट कार्यक्रम गर्न निर्देशन दिए ।

कार्यक्रममा रुपन्देही क्षेत्र नं.१ का क्षेत्रीय सभापति हिराबहादुर खत्री, कांग्रेस रुपन्देहीका उप-सभापति अनिता शाह ढुंगाना, सचिव हरिप्रसाद काफ्ले, देवदह नगर सभापति गुणाखर भुर्तेल, शक्ति प्रशन्न गिरी, नविनराज आर्चाय, मणिप्रसाद शर्मा, वडा सभापति थमबहादुर बुढाथोकीलगायतले शहीदहरुको योगदानको कदर हुनु पर्नेमा जोड दिए ।

# अल नेपाल ओपन स्नूकर च्याम्पियनसिपको उपाधि हेटौंडाका सोम लामालाई




बुटवल । बुटवलमा आयोजित सर्वाधिक पुरस्कार राशीको अल नेपाल ओपन बुटवल मेयर कप स्नुकर च्याम्पियनसिपको उपाधि हेटौडाका सोम लामाले जितेका छन् ।

खस्यौली स्नुकर क्लब बुटवलमा बिहीबार भएको ७ घण्टा लामो खेलमा सोमले बिर्तामोडका सरोज गौतमलाई ७-५ अंक अन्तरले पछाडि पार्दै उपाधि जितेका हुन् ।

बेस्ट अफ १३ का आधारमा खेलाइएको खेलमा सुरुका ५ सेट सोम लामाले लगातार जितेका थिए । त्यसपछि सरोजले लगातार ४ सेट जितेका थिए । दशौं सेट सोमले जितेर अग्रता बढाउँदा एघारौं सेट सरोजले जिते पनि बाह्रौं सेट जितेर सोमले उपाधीमाथि कब्जा जमाउन सफल भए ।

नेपाल विलियर्डस स्नुकर तथा पुल संघ रुपन्देही र खस्यौली स्नूकर क्लबको संयुक्त आयोजनामा फागुन १२ देखि सुरु भएको प्रतियोगितामा देशभरबाट १२८ जना खेलाडीले भाग लिएका आयोजक संघका महासचिव प्रकाश क्षेत्रीले बताए ।

प्रतियोगिताको उपाधि विजेता सोम लामाले ३ लाख ३ हजार, उप-विजेता सरोजले एक लाख एक हजार, हाइएस्ट ब्रेकरले सोम लामाले ५५ हजार रुपैयाँ, सेमिफाइनलमा पुगेका बुटवलका रेगन श्रेष्ठ र काठमाडौंका वाङ चु तामाङले नगद ३०/३० हजार रुपैयाँ पाए ।

विजेता खेलाडीहरुलाई बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेय, नगरका प्रवक्ता शिव राना, आयोजक संघका अध्यक्ष सुजन पुन, बुटवल ४ का अध्यक्ष नरिश्वर पौडेल, ५ का वडाध्यक्ष हरिप्रसाद श्रेष्ठ, ६ का वडाध्यक्ष लोकनाथ न्यौपाने , खेल संयोजक शिशिर गुरुङले पुरस्कार तथा प्रमाणपत्र वितरण गरे ।

हालसम्मकै सर्वाधिक पुरस्कार राशीको प्रतियोगिताले स्नूकर खेल र बुटवलको नाम थप उचाइमा पुराएको वक्ताहरुले बताएका थिए । प्रतियोगितालाई बुटवल उप-महानगरले मुख्य आर्थिक सहयोग गरेको थियो भने सिंह कम्प्लेक्सका महेशमान सिंह, आवास ग्रुपका महेश थैब, आयोजक संघका पूर्व अध्यक्ष हरि क्षेत्री, बुटवल वडा नं. १, ४,५,६,१० लगायत विभिन्न व्यक्ति, संघ संस्थाले आर्थिक सहयोग गरेका थिए ।

# रामपुरमा सुविधासम्पन्न उद्यान बन्दै

पाल्पा । जिल्लाको रामपुर नगरपालिकामा सुविधासम्पन्न हरियाली उद्यान निर्माण हुँदैछ । नगरपालिका कार्यालयको प्राङ्गणमा करिब १२ रोपनी क्षेत्रफलमा उद्यान निर्माण सुरु गरिएको नगरप्रमुख रमणबहादुर थापा बताए ।

उनका अनुसार रु एक करोड ३५ लाख ८४ हजार २८१ को लागतमा हरियालीसहितको नमूना उद्यान बनाउन लागिएको छ । उद्यान क्षेत्रमा दुई हजार ७८६ वर्गमिटर पदमार्ग तयार पारिनेछ । पानीको फोहोरासहित विभिन्न प्रजातिका फूलको बगैंचा, दुईवटा चौतारी, चारैतिर घेराबारसहितको उद्यान निर्माण हुनेछ ।

"रामपुरलाई नमूना नगर बनाउन बृहत् उद्यान निर्माण कार्य भइरहेको छ। भौगोलिक हिसाबले पर्यटनको सम्भावना बोकेको रामपुरलाई पर्यटनमैत्री, हरियाली र सुविधासम्पन्न शहरका रूपमा विकास गर्न आवश्यक संरचना निर्माणमा नगरले प्राथमिकतामा राखेर काम गरिरहेको छ । यो उद्यान त्यसैअन्तर्गतको एउटा महत्वपूर्ण काम हो ।"

-नगरप्रमुख थापाले भने ।

पवित्र कालीगण्डकी नदी र रामपुर उपत्यका भएर कालीगण्डकी करिडोर सडकमार्गले जोडेकाले पनि रामपुर हेर्न र घुम्न लायक शहर बन्ने भन्दै उनले त्यसका लागि नगरले आवश्यक योजनाका साथ काम गरिरहेको सुनाए ।

नगरपालिकासँग जोडिएको यो उद्यान तयार भएपछि कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई समेत सहज हुनेछ । यो आरामस्थल तथा अवलोकन गर्ने माध्यम बन्नेछ। आगामी असार मसान्तसम्म सम्पन्न हुनेगरी निर्माण कार्य अगाडि बढिरहेको नगरपालिकाले जनाएको छ ।

लुम्बिनी प्रदेश, सहरी विकास मन्त्रालयको ग्रामीण विकास तथा साना सहरी पूर्वाधार निर्माण योजनाका लागि विनियोजित रु २६ करोड ७१ लाख बराबरको रकममध्ये रु एक करोड ३५ लाख ८४ हजार २८१ रुपैयाँ ३० पैसाको लागतमा उद्यान निर्माण हुन लागेको हो । बाँकी रकमबाट रामपुर नगरपालिका-५ र ६ मा पर्ने सहायक सडकहरूको स्तरोन्नति कार्य भइरहेको छ । यस आयोजनाअन्तर्गत उद्यानसहित यहाँ करिब नौ किलोमिटर सडक स्तरोन्नतिको काम भइरहेको नगरप्रमुख थापाले जानकारी दिए ।

बुटवल, नारायणघाट, पोखरा र काठमाडौंजस्ता देशका ठूला शहरसँग सडक सञ्जाल जोडिएपछि यहाँको विकासले गति लिएको छ । सडक सुविधाको पहुँच पुगेपछि रामपुर एउटा सुगम शहरका रूपमा विकसित हुँदै छ ।

यस क्षेत्रमा स्थानीय सरकारले पर्यटकीय सम्भावना बोकेका क्षेत्र तथा धार्मिक स्थल स्तरोन्नतिको काम धमाधम अगाडि बढाइरहेको छ। जसले पर्यटकीय गतिविधि बढोत्तरीमा टेवा पुग्ने स्थानीयको अपेक्षा छ ।

# बाँकेमा डढेलो नियन्त्रणका लागि पूर्वतयारी



बाँके । जिल्लाका सामुदायिक तथा राष्ट्रिय वनमा डढेलो लाग्न नदिन र लागेमा नियन्त्रणका लागि पूर्वतयारी सुरु भएको छ ।

जिल्ला वन कार्यालयले डढेलो लाग्ने सम्भावित वन क्षेत्रमा नियमित रूपमा अनुगमन गर्ने, 'फायरलाइन' बनाउने, पातपतिङ्गर सङ्कलन गरेर जलाउनेलगायत काम भइरहेका जिल्ला वन कार्यालयका प्रमुख शङ्करप्रसाद गुप्ताले जानकारी दिए । "फायर एम्बुलेन्स तयारी अवस्थामा राख्न निर्माण गरिरहेका छौं, केही दिनमा यो तयार हुन्छ ।"-उनले भने ।

उनका अनुसार रु ३० लाखमा निर्माण भएको सो एम्बुलेन्समा एक पटकमा छ हजार लिटर पानी राख्ने क्षमता हुन्छ । एम्बुलेन्समार्फत् डढेलो लागेका क्षेत्रमा एक सय फिटसम्म पानी पुऱ्याएर आगो नियन्त्रणमा लिन सकिने उनले जानकारी दिए । जिल्ला वन प्रमुख गुप्ताले डढेलो नियन्त्रणका लागि करारमा १५ अग्नि हेरालुलाई नियुक्त गरिएको जानकारी दिँदै १८ वटा सामुदायकि वनका समूहलाई परिचालन गरिएको बताए ।

उनले वनमा डढेलो लाग्न नदिन प्रचारप्रसारको काम भइरहेको उल्लेख गर्दै सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन भइरहेको बताए ।

"समुदायस्तरमा डढेलो लाग्न नदिने उपाय, लागेमा अपनाउनुपर्ने विधिलगायत विषयमा सचेतनामूलक जानकारी दिइएको छ । डढेलोका विषयमा सामुदायिक वनका समूहसँग आवश्यक छलफल र सहकार्य भइरहेको छ ।"-उनले भने । वनमा डढेलो नियन्त्रणका लागि चक्ला वन क्षेत्रमा सात जना अग्नि नियन्त्रक नियुक्त भएको जनाउँदै गुप्ताले वरुण यन्त्र खरिद गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको बताए । गत वर्ष बाँकेका विभिन्न सामुदायिक वन र चक्ला वनका करिब पाँच हजार एक सय ३३ हेक्टर क्षेत्रफलमा डढेलो लागेको थियो ।

# महावीर काठमाडौं सैनामैना गोल्डकपको सेमिफाइनलमा



बुटवल । महावीर काठमाडौं क्लब प्रथम सुनगाभा सैनामैना गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

रुपन्देहीको सैनामैना रंगशाला मुर्गियामा जारी प्रतियोगिताको बिहीबारको खेलमा हनामी बिएफसी चितवनलाई २-० गोल अन्तरले पराजित गर्दै महाबिरले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो ।

प्रतिस्पर्धात्मक खेलमा पहिलो हाफको १८ औं मिनेटमा महावीर क्लबका सुरज थारुले गोल गर्दै आफ्नो टिमलाई अग्रता दिलाएका थिए । पहिलो हाफ १-० मै टुंगिएको खेलमा दोश्रो हाफमा महावीरका सुरज थारुले नै गोल गरेका थिए । खेलको ६२औं मिनेटमा थारुले दोश्रो गोल गरेका हुन् ।

खेलमा महावीर क्लब काठमाडौं र हनामी बिएफसी चितवन दुवै टिमका एकएक जनाले पहेँलो कार्ड प्राप्त गरेका थिए । दुई गोल गरेका सुरज थारु खेलको म्यान अफ द म्याच घोषित भएका थिए ।

शुक्रबारको खेल आयोजक मुर्गिया फुटबल क्लब र भारत सिक्किमको क्लबबिच हुने खेल संयोजक अशोक खड्काले जानकारी दिए ।

मुर्गिया फुटबल क्लबको आयोजना तथा सैनामैना नगरपालिका, रुपन्देहीको संरक्षकत्वमा जारी प्रतियोगितामा दुई विभागीय, भारत सिक्किमको एकसहित १० टिमले भाग लिएका छन् । प्रतियोगिताको उपाधि विजेताले नगद ७ लाख, उपविजेताले नगद ४ लाख रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै सेमिफाइनलमा पुगेर बाहिरिएका दुई टिमलाई नगद ४०/४० हजार रुपैयाँ, उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट मिडफिल्डर, राईजीङ प्लेयर र उत्कृष्ट प्रशिक्षकलाई जनही १५ हजार रुपैयाँका दरले नगद पुरस्कार दिइने क्लबका अध्यक्ष प्रविन भारीले बताए ।

फाइनल खेल यही फागुन २८ गते हुनेछ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही





स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९८४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com